आज मिति २०८२/०५/३० गतेका दिन यस ठोरी गाउँपालिका गाउँ कार्यपालिकाका अध्यक्ष श्री लाल बहादुर श्रेष्ठज्यूको अध्यक्षतामा तपसिलका उपस्थितिमा बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो।

तपसिलः

| क्र.सं. | पदः | उपस्थितिको नाम थरः | हस्ताक्षरः |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री लाल बहादुर श्रेष्ठ | |
| २ | उपाध्यक्ष | श्री गोकुली कुमारी रेग्मी | |
| ३ | वडा अध्यक्ष | श्री धनमान थापा मगर | |
| ४ | वडा अध्यक्ष | श्री अमृत कृष्ण सापकोटा | |
| ५ | वडा अध्यक्ष | श्री शम्भु खड्का | |
| ६ | वडा अध्यक्ष | श्री मान वहादुर थिङ्ग | |
| ७ | वडा अध्यक्ष | श्री अष्ट बहादुर लोप्चन | |
| ८ | कार्यपालिका सदस्य | श्री फुलमाया दर्जी | |
| ९ | कार्यपालिका सदस्य | श्री धनमाया घलान (ठोकर) | |
| १० | कार्यपालिका सदस्य | श्री देवीमाया थिङ्ग | |
| ११ | कार्यपालिका सदस्य | श्री ज्ञान कुमारी जोशी | |
| १२ | कार्यपालिका सदस्य | श्री ईश्वरी देवी प्रजा | ईश्वरी |
| १३ | कार्यपालिका सदस्य | श्री मेघराज सुनुवार | |
| १४ | सदस्य सचिव | श्री सरोज कुमार चौधरी | |

CamScanner

गाउँ कार्यपालिकाको वैठक संख्या: २/२०८२/८३

मिति २०८२/०५/३० गते

<u>प्रस्तावहरु:</u>

१. ठोरी गाउँपालिकाको पदाधिकारी तथा कर्मचारीहरुको सेवा सुविधा सम्वन्धी मापदण्ड,२०८२ सम्वन्धमा।

२. ठोरी गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्वन्धी मापदण्ड, २०८२ सम्वन्धमा। ।

३. Rapid Response Team सम्वन्धमा।

४. औषधी तथा सामाग्री खरिद सम्वन्धमा

५. विविध सम्वन्धमा।

निर्णयहरु:-

निर्णय नं.१: प्रस्ताव नं.१ माथि छलफल गर्दा ठोरी गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको सेवा सुविधा निर्धारण गर्न वाञ्छानीय भएकोले ठोरी गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको सेवा सुविधा सम्वन्धी मापदण्ड,२०८२ सर्वसम्मतिले पारित गरियो।

निर्णय नं.२: प्रस्ताव नं.२ माथि छलफल गर्दा ठोरी गाउँपालिकाका कर्मचारीहरुलाई उच्च मनोवलका साथ कार्य गर्न गराउनको लागि प्रोत्साहन गर्नु मुनासिव देखिएकोले ठोरी गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्वन्धी मापदण्ड, २०८२ सर्वसम्मतिले पारित गरियो।

निर्णय नं.३: प्रस्ताव नं.३ माथि छलफल गर्दा पर्सा जिल्लाको विरगञ्ज महानगरपालिका र अन्य पालिकाहरुमा हैजा र लामखुट्टेजन्य रोगहरुको प्रकोप वढिरहेकोले यस ठोरी गाउँपालिकामा ती रोगहरुको रोकथाम तथा नियन्त्रण र जोखिम एवम् क्षतिको न्यूनिकरण गर्नको लागि पालिका स्तरीय Rapid Response Team परिचालन गर्ने, सबै वडाहरुमा वडा स्तरीय Rapid Response Team गठन गरी तयारी अवस्थामा राख्ने निर्णय गरियो।

निर्णय नं.४: प्रस्ताव नं.४ माथि छलफल गर्दा पर्सा जिल्लाको विरगञ्ज महानगरपालिका र अन्य पालिकाहरुमा हैजा र लामखुट्टेजन्य रोगहरुको प्रकोप वढिरहेकोले यस ठोरी गाउँपालिकामा ती रोगहरुको रोकथाम तथा नियन्त्रण र जोखिम एवम् क्षतिको न्युनिकरण गर्नको लागि आवश्यक पर्न सक्ने औषधी तथा सामाग्रीहरु खरिद गर्ने र सोको भुक्तानी व्यवस्थापन कोषबाट गर्ने निर्णय गरियो।

निर्णय नं.५: प्रस्ताव नं.५ विविध माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालय. मातहतका कार्यालय, विषयगत शाखाहरु र समिति/उपसमितिहरुबाट भए गरेका कार्यक्रमहरुको समिक्षा गरियो।

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... पर्सा मधेश प्रदेश, नेपाल २०७४

२०८२/०५/३०